सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

मिति २०७७ वैशाख १४ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१. बन्दाबन्दी (लकडाउन) को अवधिमा अदालतहरूबाट सम्पादन हुने काम कारवाही तथा सेवा प्रवाहको सम्बन्धमा यस अघिको पूर्ण बैठकको निर्णयबमोजिमको व्यवस्थापनलाई निरन्तरता दिने।

२. विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिन नदिई सबैको जीवन र स्वास्थ्य सुरक्षा एवम् रोग संक्रमणको जोखिम न्यूनिकरण गर्न मिति २०७६/१२/०७ तथा सो पछि विभिन्न मितिमा बसेको पूर्ण बैठकको निर्णय बमोजिम अदालतहरूको काम कारबाही र सेवा प्रवाहमा सीमिततासहितको व्यवस्थापन हुँदै आएकोमा बन्दाबन्दी (लकडाउन) को अवधि लम्बिदै गएको र महामारीको पूर्ण नियन्त्रणको आंकलन गर्न पनि नसकिने अवस्थामा संविधान प्रदत्त मौलिक हकको संरक्षण र प्रचलन गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारीमा रहेको न्यायपालिकाले आफ्नो संवैधानिक भूमिका र दायित्वप्रतिको सवेदनशीलतालाई दृष्टिगत गरी सर्वोच्च अदालतमा २०७७/०१/१६ देखि रिट निवेदन दर्ता र सोको सुनुवाईसमेतको कार्य गर्ने ।

विपद्को यस परिस्थितिमा सामाजिक/भौतिक दूरी कायम गर्नुका साथै स्वास्थ्य सुरक्षाप्रति थप सावधानी अपनाउनु पर्ने भएकोले यस प्रकारका रिट निवेदनको दर्ता र सुनुवाईको क्रममा सेवाग्राही, कानून व्यवसायी तथा कर्मचारीसमेतको आवागमन र उपस्थितिमा आवस्यक नियमन, नियन्त्रण र व्यवस्थापन प्रशासनले मिलाउने।

देवेन्द्र ढकाल
सह प्रवक्ता

मिति : २०७७।०१।१५